फोन नं. ०४८-५४०११२

# मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

प.स.: २०७९/०८०
च.नं.: २१८९

मितिः२०७९/१०/२९

श्री सबै वडा कार्यालयहरु(१४)
मन्थली नगरपालिका, मन्थली ।

**विषयः बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गरी पठाउने बारे।**

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ३३५,मिति २०७९/१०/२३ को पत्र अनुसार स्थानीय तहमा बेरोजगार व्यक्तिको सूची दर्ता का लागि निवेदन भर्न सहजिकरण गरिदिने सम्बन्धमा रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ बमोजिम बेरोजगार व्यक्तिले आफू स्थायी बसोबास गरेको वडाको कार्यालयमा गइ बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिने व्यवस्था भएकोले तहाँ वडा अन्तर्गत रहेका बेरोजगार व्यक्तिको निवेदन संकलन गर्नुहुन र संकलित निवेदनहरु उपर छानविन गरी बास्तविक बेरोजगार व्यक्तिको मात्र निवेदन चैत्र महिनाको ७ गते भित्र नगरपालिकाको कार्यालयमा पठाउन हुन अनुरोध छ । यस सम्बन्धी नगरपालिकाबाट प्रकाशित सूचनाको प्रतिलिपि र बेरोजगार व्यक्तिले भर्नुपर्ने विवेदनको ढाँचाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो अनुरुप कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

२०७९/१०/२९

..................
(हरि प्रसाद चापागाई)
प्रमुख प्रशासकीय अधिकृत
हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-५४०११२

प.स.: २०७९/०८०
च.नं.:

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना।

(सूचना प्रकाशन मिति : २०७९/१०/२९)

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा यस मन्थली नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फागुन मसान्त सम्म आफू स्थायी बसोबास गर्ने वडा कार्यालय वा नगरपालिकाको रोजगार सेवा केन्द्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक न्यूनतम मापदण्ड:**

१. निवेदक १८ देखि ५९ वर्ष उमेर समुहको हुनु पर्ने,
२. निवेदकको पासपोर्ट साइज फोटो १ प्रति र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,
३. निवेदकको परिवारको सदस्यको नागकिताको प्रमाणपत्रको प्रतिलिपि (उल्लेख गरिएको परिवार संख्या अनुसार सवै सदस्यको विवरण अनिवार्य हुनुपर्ने/पारिवारिक विवरण पुरा हुनुपर्ने),
४. अन्यत्रबाट बसाइसराइ गरी आएको भएमा सो सम्बन्धी प्रमाणपत्र,
५. वार्षिक आम्दानी रु ५७,७०० भन्दा कम भएको परिवार,
६. वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा जान नपाएको भए पासपोर्ट नम्वर,
७. यस अघि निवेदन दिनुहुने व्यक्तिले पुनःसूचीकृत हुन(नविकरणको लागि) पनि अनिवार्य रुपमा निवेदन दिनुपर्नेछ।

**बेरोजगार छनौट प्रकृयाको प्राथमिकताक्रम निर्धारणका मुख्य आधार:**

१. कृषि उत्पादनले ३ महिना खान नपुग्ने परिवार,
२. बसोबासका लागि आफ्नै घर नभएको परिवार,
३. एकल महिला घरमूली भएको परिवार,
४.दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवार/सामाजिक सुरक्षा तथा सरकारी कोषबाट कुनै पनि सुविधा नलिएको परिवारको सदस्य/सहिद तथा बेपत्ता परिवारको सदस्य,
५.वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति।

**यस सम्बन्धी थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्नुहोला।**

प्रमुख प्रशासकीय अधिकृत